## नगर कार्यपालिका बैठक, बैठक संख्या १६/०७७/०७८

आज मिति २०७८ साल बैशाख ३१ गते शुक्रबार दिउँसो १:३० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको प्रमुख बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | उपस्थित |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | उपस्थित |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | उपस्थित |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | × |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | × |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | × |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | उपस्थित |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | उपस्थित |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | × |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | उपस्थित |
| १२. | श्री श्री प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | उपस्थित |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | उपस्थित |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | × |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | × |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | × |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | × |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | × |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री रत्न मान श्रेष्ठ | वडा सदस्य ४ | |
| २. | विकास वनेपाली | वडा सदस्य - ०३ | उपस्थित |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |
| ४. | प्रेम तामाङ, | वडा नं. ८ वडा सदस्य | उपस्थित |

बैठकमा छलफल र निर्णय भएका विषयहरु :

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा:–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको जुम बैठकमा जम्मा २१ जना सदस्य सहभागी रहेकोले गणपुरक संख्या पुरा भएकाले अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **सेवा प्रवाह नहुने सम्बन्धमा:–**

हाल विश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाइरसको दोस्रो लहर (COVID - 19 ,Second Wave )**नेपालमा साथै धरान पनि दिन प्रतिदिन विकराल रूपमा समुदाय स्तरमा नै फैलिरहेकाले त्यसको रोकथामका लागि जिल्ला प्रशासन कार्यालय सुनसरीबाट २०७८/०१/३१ गते राती १२ बजे सम्मलाई निशेधाज्ञा जारी गरेको र धरानमा पनि कोरोना भाइरसका विरामीहरु दिन प्रति दिन बढ्दै गएकाले यस लाई रोक्न मिति २०७८।१।२२ गते देखि २०७८।१।३१ गते सम्म नगरपालिका र मातहतका कार्यलयहरुवाट प्रावाह हुने अत्याबस्यक सेवा (बारुणयन्त्र , सरसफाई, खानेपानी वितरण र स्वास्थ्य अन्तर्गत कोरोना ब्यबस्थापन ) बाहेक सेवा प्रवाह नगर्ने भनि मिति २०७८/०१/२१ गतेको कार्यपालिकाको वैठकबाट सेवा प्रवाह बन्द भएकोमा जिल्ला प्रशासन कार्यालय सुनसरीको २०७८/०१/२९ को परिपत्र अनुसार २०७८/०२/१५ गते राती १२ बजे सम्मलाई निशेधाज्ञाको समय अवधी थप भएको साथै अत्यावश्यक सेवा वाहेक सेवा प्रावह समेत बन्द नै रहने भएकाले जिल्ला प्रशासन कार्यालयबाट जारी भएको निशेधाज्ञालाई कडाईका साथ पालना गर्ने निर्णय गरियो ।

३. **कोरोना भाइरसको दोस्रो लहरको व्यवस्थापनको हाल सम्मको जानकारी सम्बन्धमा :–**

हाल विश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाईरसको दोस्रो लहर (COVID - 19 ,Second Wave)** धरानमा पनि समुदाय स्तर मै व्यापक फैलिरहेकोले त्यसको व्यवस्थापन गर्नका लागि धरान उपमहानगरपालिकाबाट हाल सम्म गरेका तपसिलका प्रयासको वैठकलाई नगर प्रमुखबाट जानकारी गराउँने काम भयो ।

<u>तपसिल</u>

क) आइसोलेसन व्यवस्थापनका लागि हरियाली सामुदायीक वनको भवनमा अक्सिजन सहितको २५ वेडको आइसोलेसन स्थापना भईरहेको ।

ख) कोरोनाका कारण मृत्यु भएकाहरुको शव दाहा संस्कार गर्न घाटहरुको व्यवस्था गरिएको ।

ग) शंकास्पद र कन्ट्र्याकमा परेकाहरुको एन्टिजेन टेस्ट र स्वाव परिक्षण गरिरहेको ।

४. **निशेधाज्ञाको समयमा हरियो साग सब्जी र फलफुल साथै खाद्यान्नको व्यवस्थापन सम्बन्धमा :–**

जिल्ला प्रशासन कार्यालयबाट २०७८/०१/३१ गते राति १२ बजे देखी खाद्यान्न फलफुल लगायत सम्पूर्ण पसलहरु बन्द हुने गरी निशेधाज्ञा जारी भएकाले उक्त निशेधाज्ञा कार्यान्वयन गर्नका लागि अति आवश्यक भएका घर सम्म सब्जि तथा फलफुलको व्यवस्थापनको संयोजन गर्ने जिम्मेवारी कृषि उपज बजार धरान-१३ लाई र खाद्यान्नको संयोजन गर्ने जिम्मेवारी सुनसरी उद्योग वाणिज्य संघ, धरान लाई दिने निर्णय गरियो ।

५. **दाहा संस्कारको घाट व्यवस्थापन सम्बन्धमा :–**

हालविश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाइरसको दोस्रो लहर (COVID - 19 ,Second Wave )** का कारण मृत्यु भएकाहरुको दाहा संस्कार गर्नलाई सम्बन्धित मृतकका परिवारहरुले आफ्नो रिति, धर्म अनुसार अन्तेष्ठि गर्न चाहेमा गर्न सक्ने गरी नेपाल सरकारवाट प्रोटकल जारी भएकाले नगर क्षेत्रमा रहेका दाहा संस्कार स्थलहरुलाई सो व्यवस्था गर्नका लागि अनुरोध गरिएकोमा खत्रीधारा शव दाहा स्थल आसपासका स्थानीय

वासिन्दाहिरुबाट उक्त स्थानमा दाहा संस्कार गर्नलाई विरोध गरेका कारण उक्त स्थानमा दाहा संस्कार गर्ने सम्बन्धमा आजको वैठकमा छलफल गरियो । त्यसका लागि उक्त क्षेत्रका स्थानीयवासिहरु सँग छलफल साथै समन्वय गरी सो स्थानमा नै शव दाहा गर्ने प्रयास गर्ने साथै थप व्यवस्थापनको समेत व्यवस्था गर्ने निर्णय गरियो।

६. **शोक प्रस्ताव सम्बन्धमा :–**

यस उपमहानगरपालिका वडा नं. ३ का वडा सदस्य श्री हरि शाहिकी धर्म पत्नी इनु शाहिको मिति २०७८/०१/२३ गतेका दिन असामयिक निधन भएकोमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

**आजको वैठक ४:०० मा समाप्त भयो।**

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**